मधेश प्रदेश सरकार

# शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

# प्रदेश स्वयंसेवक शिक्षक परिचालन कार्यविधि, २०८१

मधेश प्रदेश सरकार, मन्त्रिपरिषदबाट स्वीकृत मिति २०८१/०९/२९

# प्रदेश स्वयंसेवक शिक्षक परिचालन कार्यविधि, २०८१

मधेश प्रदेश भित्र स्वयंसेवक परिचालन तथा प्रवर्द्धन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी स्वयंसेवाको माध्यमबाट यस प्रदेश भित्रका सामुदायिक माध्यमिक विद्यालयहरुको शिक्षक अभाव परिपूर्ति गर्न, शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित गर्न र सेवा प्रवाह एवं शैक्षिक गुणस्तरमा सुधार ल्याउनका लागि प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ बमोजिम मधेश प्रदेश सरकारले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम "प्रदेश स्वयंसेवक शिक्षक परिचालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "प्रदेश" भन्नाले मधेश प्रदेशलाई सम्झनुपर्छ ।

(ख) "मन्त्रालय" भन्नाले शिक्षा तथा संस्कृति मन्त्रालयलाई सम्झनुपर्छ ।

(ग) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतका निकाय "शिक्षा विकास निर्देशनालय" लाई सम्झनुपर्छ ।

(घ) "कार्यविधि" भन्नाले "प्रदेश स्वयंसेवक शिक्षक परिचालन कार्यविधि, २०८१" लाई बुझाउँछ।

(ङ) "स्वयंसेवक शिक्षक" भन्नाले यस कार्यविधि अनुरुप नियुक्त हुने शिक्षकलाई सम्झनुपर्छ ।

(च) "परीक्षा" भन्नाले स्वयंसेवक शिक्षक छनौटका लागि अन्तर्वार्ता समितिद्धारा संचालन गरिने परीक्षा सम्झनुपर्दछ ।

(छ) "अन्तर्वार्ता समिति" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिमको समितिलाई बुझाउँछ ।

(ज) "निर्देशक समिति" भन्नाले यस कार्यविधिको दफा ९ बमोजिमको समितिलाई बुझाउँछ ।



नि.प्रमुख सचिव

नि.प्रदेश सचिव

## परिच्छेद -२

### स्वयंसेवक शिक्षक कोटा निर्धारण र वितरण

३. स्वयंसेवक शिक्षक कोटा निर्धारण र वितरणः प्रदेशभित्रका सामुदायिक माध्यमिक विद्यालयहरुमा स्वयंसेवक शिक्षक कोटा संख्या वितरण गर्दा देहाय बमोजिमका आधारमा गरिनेछः-

(१) प्रदेशले विनियोजित गरेको कार्यक्रम र बजेटको आधारमा स्वयंसेवक शिक्षक कोटा संख्या निर्धारण गरिनेछ।

(२) स्वयंमसेवक शिक्षकको कोटा वितरण गर्दा सामुदायिक माध्यमिक विद्यालय (कक्षा ९-१०) मा प्रति कक्षा कम्तिमा ५० जना विद्यार्थी संख्या र शिक्षकको दरबन्दी १ वा शुन्य मात्र भएका विद्यालयलाई प्राथमिकतामा राखी कोटा प्रदान गरिनेछ। साथै आगामी वर्षमा बजेटको सुनिश्चितता भएमा दरबन्दी कम भएका सामुदायिक माध्यमिक विद्यालयमा क्रमशः विस्तार गर्दै लगिनेछ । प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रबाट प्रदेश सभा सदस्यले पत्र प्राप्त भएको मितिले ७ दिन भित्रमा अनुसूची -१ बमोजिमको ढाँचामा विद्यालय सिफारिस गर्नुपर्नेछ ।

(३) सिफारिस प्राप्त भएपछि मन्त्रालयले उक्त विद्यालयहरुको अनुगमन गराई सत्यता परीक्षण गर्नुपर्नेछ।

## परिच्छेद-३

### विज्ञापन प्रकाशन, योग्यता र परीक्षा सम्वन्धी व्यवस्था

४. विज्ञापन प्रकाशन गर्नुपर्नेः (१) यस कार्यविधि बमोजिम स्वयंसेवक शिक्षक पदमा पदपूर्तिको लागि १५ दिनको म्याद राखी राष्ट्रियस्तरको पत्रिका तथा मन्त्रालयको वेवसाइटमा विज्ञापन प्रकाशन गर्नुपर्नेछ । सो आवेदनको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ ।

५. योग्यता तथा तालिम सम्वन्धी व्यवस्थाः (१) स्वयंसेवक शिक्षक पदमा उम्मेदवार हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको नेपाली नागरिक मात्र योग्य हुनेछः

(क) १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको,

(ख) मानसिक सन्तुलन नबिग्रेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको,



नि.प्रदेश सचिव

(घ) भविष्यमा सरकारी नोकरी एंव शिक्षक सेवाको लागि अयोग्य हुने गरी सेवाबाट बर्खास्त नभएको,

(ङ) माध्यमिक तह कक्षा ९-१० को लागि सम्वन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरी तालिम लिएको,

(च) शिक्षक सेवा आयोगबाट सम्वन्धित तहको स्थायी अध्यापन अनुमति पत्र लिएको ।

६. <u>परीक्षा सम्बंन्धी व्यवस्थाः</u> स्वयंसेवक शिक्षक छनौटका आधार लिखित परीक्षा र अन्तरवार्ता हुनेछ।

१. <u>लिखित परीक्षाः</u> स्वयंसेवक शिक्षकलाई शिक्षासम्बन्धी विषयको १०० अंकको वस्तुगत परीक्षा लिइनेछ र उत्तीर्णाङ्क ५० अंक हुनेछ । वस्तुगत परीक्षाको व्यवस्थापन मन्त्रालयले गर्नेछ ।

२. <u>अन्तर्वार्ता सम्वन्धी व्यवस्थाः</u> १. लिखित परीक्षा उत्तीर्ण गरेका उम्मेदवारलाई स्वयंसेवक शिक्षक छनौट समितिले देहाय बमोजिमको प्रक्रिया अवलम्वन गरी जम्मा ५० अंकको अन्तर्वार्ता संचालन गर्नेछः

(क) शैक्षिक योग्यतावापत १० अंक

(अ) न्यूनतम शैक्षिक योग्यता बापत - ७ अंक

(आ) माथिल्लो शैक्षिक योग्यता वापत -३ अंक

- न्यूनतम शैक्षिक योग्यताको प्रथम श्रेणी, द्धितीय श्रेणी र तृतीय श्रेणी वापत क्रमशः ७, ६ र ५ अंक दिइनेछ तथा माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी, द्धितीय श्रेणी र तृतीय श्रेणी वापत क्रमशः ३, २ र १ अंक दिइनेछ ।

(ख) सम्वन्धित तहको शिक्षण अनुभव वापत – ५ अंक (प्रतिवर्ष १ अंकका दरले)

(ग) तालिम वापत -५ अंक (प्रथम श्रेणी, द्धितीय श्रेणी र तृतीय श्रेणीको क्रमशः ५, ४ र ३ अंक दिइनेछ।)

(घ) अन्तरवार्ता वापत -३० अंक (विषयगत ज्ञान, समसामयिक ज्ञान, ऐन/नियम सम्बन्धी ज्ञान)

३. अन्तर्वार्ता वापत अंक प्रदान गर्दा न्यूनतम ३५ प्रतिशतमा नघट्ने गरी र अधिकतम ७० प्रतिशतमा नबढ्ने गरी प्रदान गरिनेछ र सो भन्दा बढी अंक प्रदान गर्नु परेमा कारण उल्लेख गर्नुपर्नेछ । त्यस्तो कारण अन्तर्वार्ता समितिका कम्तिमा २ जना सदस्यहरुले लेखेमा मात्र मान्य हुनेछ ।



नि.प्रदेश सचिव

७. <u>स्वयंसेवक शिक्षक अन्तरवार्ता समिति गठनः</u> यस कार्यविधि अनुसार निर्धारित पदमा स्वयंसेवक शिक्षक छनौट गर्नका लागि अन्तरवार्ता लिई सिफारिस गर्न शिक्षा सेवाको कम्तिमा अधिकृतस्तर आठौं तहको कर्मचारीको संयोजकत्वमा विषय विज्ञ १ जना र शाखा अधिकृत (सातौं तह) १ जना समेत रहने गरी ३ सदस्यीय अन्तर्वार्ता समिति गठन गरिनेछ ।

८. <u>स्वयंसेवक शिक्षक अन्तरवार्ता समितिको काम, कर्तव्य र अधिकारः</u> स्वयंसेवक शिक्षक अन्तर्वार्ता समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) स्वयंसेवक शिक्षकको लागि आवेदन पेश गरेका उम्मेदवारहरुको अन्तर्वार्ता संचालन गर्ने र छनौटका लागि निर्देशक समितिमा पेश गर्ने ।

(२) अन्तर्वार्तामा रहने पदाधिकारीहरुले अन्तर्वार्तामा छुट्टाछुट्टै अंक प्रदान गर्नुपर्नेछ र सिलबन्दी गरी निर्देशक समितिमा पेश गर्नुपर्नेछ ।

९. <u>स्वयंसेवक शिक्षक निर्देशक समितिः</u> १. स्वयंसेवक शिक्षक व्यवस्थापन सम्बन्धी आवश्यक निर्णय गर्नका लागि देहाय बमोजिमका स्वयंसेवक शिक्षक निर्देशक समिति रहनेछः

| | |
|---|---|
| (क) मन्त्री - शिक्षा तथा संस्कृति मन्त्रालय | - अध्यक्ष |
| (ख) सदस्य (शिक्षा विषय हेर्ने) - प्रदेश नीति तथा योजना आयोग | - सदस्य |
| (ग) निर्देशक, शिक्षा विकास निर्देशनालय | - सदस्य |
| (घ) अधिकृत, गृह सञ्चार तथा कानून मन्त्रालय | - सदस्य |
| (ङ) अधिकृत, अर्थ मन्त्रालय | - सदस्य |
| (च) महाशाखा/शाखा प्रमुख, शिक्षा तथा संस्कृति मन्त्रालय | - सदस्य |
| (छ) सचिव, शिक्षा तथा संस्कृति मन्त्रालय | - सदस्य सचिव |

२. स्वयंसेवक शिक्षक निर्देशक समितिको बैठक बसे वापत समितिका पदाधिकारीहरुलाई प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८० बमोजिम बैठक भत्ता उपलब्ध गराइनेछ ।

१०. <u>स्वयंसेवक शिक्षक निर्देशक समितिका काम, कर्तव्य र अधिकारः</u> स्वयंसेवक शिक्षक निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः



नि.प्रदेश सचिव

(क) विद्यालय छनौट तथा स्वयंसेवक शिक्षकको विषयगत कोटा निर्धारण गर्ने ।

(ख) आवश्यक संख्यामा अन्तरवार्ता समिति निर्धारण गर्ने ।

(ग) अन्तरवार्ता समितिका संयोजक, विज्ञ र सदस्यहरुको छनौट गर्ने ।

(घ) अन्तरवार्ता समितिबाट अन्तरवार्ता पश्चात पेश भएका कागजातहरुको आधारमा स्वयंसेवक शिक्षकको नतिजा प्रकाशन तथा योग्यता क्रमका आधारमा नियुक्ति र पदस्थापन सम्बन्धी निर्णय गर्ने ।

(ङ) स्वयंसेवक शिक्षकको म्याद थप सम्वन्धी निर्णय गर्ने ।

(च) स्वंयसेवक शिक्षकलाई कारवाही गर्ने ।

## परिच्छेद -४

## आर्थिक व्यवस्थापन

११. सेवा सुविधा सम्वन्धमा: (१) सेवा करारमा नियुक्त स्वयंसेवक शिक्षकको सेवा सुविधा दफा १२ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) अन्तर्वार्ता सम्वन्धी कामको सिलसिलामा खटिने पदाधिकारी वा कर्मचारीहरुलाई प्रति दिन रु. १५००/- का दरले भत्ता उपलब्ध गराइनेछ ।

(३) अन्तर्वार्तामा खटिने कर्मचारी वा सहयोगीहरुको प्रति सिफ्ट खाजा वापत रु. २५०/- का दरले खर्च गरिनेछ ।

१२. स्वयंसेवक शिक्षकको सेवा शर्त र सुविधा: (१) छनौट भएका स्वयंसेवक शिक्षकलाई अनुसूची-३ बमोजिम करार सम्झौता गरी कार्यमा खटाइनेछ ।

(२) स्वयंसेवक शिक्षकको मासिक निर्वाह भत्ता तथा अन्य सुविधा देहायबमोजिम हुनेछ ।

| क्र.सं. | पद | तह | मासिक निर्वाह भत्ता | चाडपर्व खर्च बर्षमा एक पटक | पोशाक भता बार्षिक रुपमा |
|---|---|---|---|---|---|
| १. | स्वयंसेवक शिक्षक | माध्यमिक तह (९-१०) | २५०००/- | २५००० | १०००० |

(३) स्वयंसेवक शिक्षकले पाउने विदा सम्वन्धी व्यवस्था विद्यालयमा रहेका स्थायी शिक्षकले पाए सरह हुनेछ ।



नि.प्रदेश सचिव

(४) स्वयंसेवक शिक्षकको मासिक निर्वाह भत्ता र अन्य सुविधा निज कार्यरत विद्यालयको खातामा निकासा गरिनेछ। यसको लागि सम्बन्धित विद्यालयले त्रैमासिक रुपमा निकासा माग फारम मन्त्रालयमा पेश गर्नुपर्नेछ । निकासा पश्चात सम्वन्धित विद्यालयले निजको कार्यसम्पादन र हाजिरी अभिलेखका आधारमा स्वयंसेवक शिक्षकको सुविधा बैक खाता मार्फत भुक्तानी दिनुपर्नेछ ।

(५) स्वयंसेवक शिक्षकलाई चाडपर्व खर्च असोज महिनामा र पोशाक भत्ता चैत्र महिनामा उपलब्ध गराइनेछ ।

## परिच्छेद- ५

## विविध

१३. <u>करार नियुक्ति सम्बन्धी व्यवस्थाः</u> (१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गर्दा एक आर्थिक वर्षको लागि मात्र करार गर्नुपर्नेछ । आगामी आर्थिक वर्षमा प्रदेश सरकारबाट बजेटको सुनिश्चितता भएमा र सेवा करारमा रहेका स्वयंसेवक शिक्षकको कार्य सम्पादनस्तर सन्तोषजनक भएमा बढीमा एक आर्थिक वर्षको लागि कार्य अवधि थप गर्न सकिनेछ ।

(२) यस आर्थिक वर्षमा कुनै स्वयंसेवक शिक्षकको पद रिक्त भएमा वैकल्पिक उम्मेदवारसँग करार गरी कार्यमा खटाउन सकिनेछ ।

१४. <u>स्वयंसेवक शिक्षकको आचारसंहिताः</u> (१) स्वयंसेवक शिक्षकले देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछः

(क) मन्त्रालयसँग भएको सम्झौता अनुरुपको कार्य इमान्दारीतापूर्वक पालना गर्नुपर्ने।

(ख) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आए गएको समय जनाई हाजिरी गर्ने र पहिले बिदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित हुन नहुने।

(ग) शिक्षक, विद्यार्थी र समुदायमा कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना फैलाउन नहुने।

(घ) मन्त्रालयको नीति तथा कानून प्रतिकूल हुने गरी कुनै कार्य गर्न नहुने ।

(ङ) कुनै पनि राजनीतिक गतिविधिमा संलग्न नहुने ।



नि.प्रदेश सचिव

(च) इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचार व्यवहार अवलम्वन गर्नुपर्ने ।

(छ) आफ्नो सेवा सुविधा सम्वन्धमा कुनै प्रकारको संगठन गर्न नहुने ।

(ज) सम्झौता विपरितको कार्य गर्न नहुने।

१५. <u>प्रमाणपत्रको व्यवस्थाः</u> स्वयंसेवक शिक्षकले सम्झौता बमोजिमको कार्यविधि पूरा गरेमा वा सो भन्दा बढी कार्य गरेमा मन्त्रालयले निजलाई शिक्षण अनुभवको प्रमाणपत्र प्रदान गर्न सक्नेछ ।

१६. <u>अनुगमन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था :</u> अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(१) स्वयंसेवक शिक्षकले गरेको कार्यसम्पादनको नियमित अनुगमन गर्ने र त्रैमासिक प्रतिवेदन पठाउने जिम्मेवारी सम्वन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

(२) मन्त्रालय र निर्देशनालयको कर्मचारीबाट समय समयमा स्वयंसेवक शिक्षकले गरेको कामको सन्दर्भमा स्थलगत अनुगमन तथा निरीक्षण गरिनेछ र निजको कार्यसम्पादन मूल्याङ्कन अनुसुची ४ बमोजिम उत्तम भएमा दफा १३ बमोजिम म्याद थप हुनेछ साथै निजको कार्यसम्पादन मूल्याङ्कनको अंक सामान्य भएमा कारवाहीको लागि निर्देशक समितिमा पेश गर्ने तथा निर्देशक समितिको निर्णय अनुसार मन्त्रालयले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ। तर निजलाई सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

१७. <u>स्वयंसेवक शिक्षक परिचालनमा सहयोग लिन सक्नेः</u> प्रदेश स्वयंसेवक शिक्षक परिचालनमा सहयोग गर्न चाहेमा यस कार्यविधिको अधिनमा रही सरकारी तथा गैर सरकारी संघ संस्थाले लगानी गर्न चाहेमा मन्त्रालयमा निवेदन पेश गर्नुपर्नेछ र उक्त संस्थाले यस कार्यविधिको अनुसूची-५ बमोजिम मन्त्रालयसँग सम्झौता गरी कार्य गर्न सक्नेछ ।

१८. <u>कार्यविधि संशोधनः</u> यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम हुने र उल्लेख नभएको विषयमा मन्त्रालयले निर्धारण गरेबमोजिम हुनेछ ।तर प्रदेश सरकारले आवश्यकता अनुसार यस कार्यविधिको संशोधन गर्न सक्नेछ ।



नि.प्रदेश सचिव

प्रति. प्रमुख सचिव

अनुसूची – १

मधेश प्रदेश सरकार

# शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुधाम, धनुषा, नेपाल

## विद्यालय सिफारिस प्रस्ताव पेश गर्ने ढाँचा

(दफा ३ को उपदफा २ सँग सम्बन्धित)

**प्रदेश सभा सदस्यको नामः** **सम्पर्क नः-**

**जिल्लाः** **निर्वाचन क्षेत्रः-**

| क.स. | प्रस्तावित २ वटा विद्यालयको नाम | ठेगाना | विद्यालयको इमेल | प्र.अ. को नाम | प्र.अ. को सम्पर्क नं. | माध्यमिक तह (कक्षा ९-१०)मा शिक्षक दरबन्दी संख्या | कक्षा ९मा विद्यार्थी संख्या | कक्षा १० मा विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |

.........................

प्रस्तावक प्रदेश सभा सदस्य



नि.प्रदेश सचिव

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल
नि. प्रमुख सचिव

अनुसूची -२

मधेश प्रदेश सरकार

# शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुधाम, धनुषा, नेपाल

स्वयंसेवक शिक्षक पदको लागि आवेदन फारम

तह र विषय फरक भएमा छुट्टाछुट्टै फारम भर्नुपर्नेछ ।

(क) उम्मेदवारले सेवा गर्न चाहेको पदः विज्ञापन नं.

तहः विषयः समुहः

(ख) उम्मेदवारको वैयक्तिक विवरण

| | | |
|---|---|---|
| उम्मेदवारको नाम/थर | देवनागरीमा:................................ | |
| | In English BLOCK LETTER............................ | |
| स्थायी ठेगानाः | जिल्लाः गा.पा./ना.पा. वडा नं.......<br>टोलः............ इमेलः...................... सम्पर्क नं........... | |
| पत्राचार गर्ने ठेगाना<br>जिल्लाः गा.पा./ना.पा. वडा नं.......<br>टोलः............ इमेलः...................... सम्पर्क नं........... | | |
| बाबुको नाम/थरः | | आमाको नाम/थरः |
| बाजेको नाम/थर | | पति/पत्निको नाम/थर |
| जन्म मिति वि.सं. मा | ई.सं.मा | हालको उमेर ......वर्ष ........महिना |

(ग) शैक्षिक योग्यतासम्वन्धी विवरण

| न्युनतम योग्यता | विश्वविद्यालय/बोर्ड/संस्था | शैक्षिक उपाधी | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

(घ) संलग्न कागजातहरुको विवरण (संलग्न प्रति संख्या समेत उल्लेख गर्ने)

१. २.

३. ४.

५. ६.

| उम्मेदवारको ल्याप्चे | | दरखास्त | मिति |
|---|---|---|---|
| दायाँ | बायाँ | | |



मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, नेपाल

नि.प्रदेश सचिव

मधेश प्रदेश सरकार

**शिक्षा तथा संस्कृति मन्त्रालय**

जनकपुधाम, धनुषा, नेपाल

**स्वयंससेवक शिक्षक प्रतियोगिता**

**प्रवेश पत्र**

**उम्मेदवारले भर्ने:**

(क) उम्मेदवारको नाम/थर:

(ख) तह: (ग) विषय:

(घ) समूह:

(ङ) स्थायी ठेगाना: जिल्ला: गापा/नपा: वडा नं.

(च) परीक्षार्थीको दस्तखत मिति:

**सम्वन्धित कर्मचारीले भर्ने:**

स्वयंसेवक शिक्षक प्रतियोगितामा तपाईलाई सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त पूरा नगरेको ठहर भएमा जुनसुकै बखत यो प्रवेश पत्र रद्द हुनेछ ।

परीक्षा केन्द्र:............................................................ रोल नं........................

अधिकृतको दस्तखत

---

**मधेश प्रदेश सरकार**

**शिक्षा तथा संस्कृति मन्त्रालय**

**जनकपुरधाम**

स्वयंसेवक शिक्षक प्रतियोगिता

प्रवेश पत्र

**उम्मेदवारले भर्ने:**

(क) उम्मेदवारको नाम/थर:

(ख) तह: (ग) विषय:

(घ) समूह:

(ङ) स्थायी ठेगाना: जिल्ला: गापा/नपा: वडा नं.

(च) परीक्षार्थीको दस्तखत मिति:

**सम्वन्धित कर्मचारीले भर्ने:**

स्वयंसेवक शिक्षक प्रतियोगितामा तपाईलाई सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त पूरा नगरेको ठहर भएमा जुनसुकै बखत यो प्रवेश पत्र रद्द हुनेछ ।

परीक्षा केन्द्र:............................................................ रोल नं........................

अधिकृतको दस्तखत



मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल

नि.प्रदेश सचिव

नि.प्रमुख सचि

<u>परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरुः</u>

१. उम्मेदवारले परीक्षा दिन आउदा अनिवार्य रुपमा प्रवेशपत्र लिई आउनुपर्नेछ। प्रवेशपत्र विना परीक्षा दिन पाइने छैन ।

२. परीक्षा हलमा उम्मेदवारले परीक्षाको दिन सक्कल प्रवेश पत्र र अन्य प्रमाणपत्र अनिवार्य रुपमा ल्याउनुपर्नेछ ।

३. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन ।

४. दरखास्त फाराममा लेखिएको तह, विषय र समूहको परीक्षामा मात्र सम्मिलित भई परीक्षा दिनुपर्नेछ ।

५. परीक्षा भवनमा अनुचित कार्य गरेमा प्रचलित कानून तथा स्वयंसेवक शिक्षक परिचालन कार्यविधि २०८१ बमोजिम कारवाही हुनेछ ।

६. विज्ञापन वा सूचनामा उल्लेखित कार्यक्रम अनुसार परीक्षा हुनेछ ।

---

<u>परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरुः</u>

१. उम्मेदवारले परीक्षा दिन आउदा अनिवार्य रुपमा प्रवेशपत्र लिई आउनुपर्नेछ। प्रवेशपत्र विना परीक्षा दिन पाइने छैन ।

२. परीक्षा हलमा उम्मेदवारले परीक्षाको दिन सक्कल प्रवेश पत्र र अन्य प्रमाणपत्र अनिवार्य रुपमा ल्याउनुपर्नेछ ।

३. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन ।

४. दरखास्त फाराममा लेखिएको तह, विषय र समूहको परीक्षामा मात्र सम्मिलित भई परीक्षा दिनुपर्नेछ ।

५. परीक्षा भवनमा अनुचित कार्य गरेमा प्रचलित कानून तथा स्वयंसेवक शिक्षक परिचालन कार्यविधि २०८१ बमोजिम कारवाही हुनेछ ।

६. विज्ञापन वा सूचनामा उल्लेखित कार्यक्रम अनुसार परीक्षा हुनेछ ।

---

नि.प्रदेश सचिव

नि. प्रमुख सचिव

अनुसुची -३

मधेश प्रदेश सरकार

# शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुधाम, धनुषा

## स्वयंसेवक शिक्षक सेवा करार सम्झौता

श्री शिक्षा तथा संस्कृति मन्त्रालय, जनकपुरधाम (प्रथम पक्ष)
जिल्ला.................गा.पा./न.पा....................गाउ/टोल ........... वडा नं................. स्थायी ठेगाना भई हाल ......................बस्ने श्री ........................को छोरा/छोरी/पति/पत्नी श्री......................... (दोस्रो पक्ष) बीच स्वयंसेवक शिक्षकको रुपमा...............तह............विषयमा कार्य गर्न भएको सम्झौता पत्र।

**१. प्रथम पक्षले गर्नुपर्ने कार्यहरुः**

क. प्रदेश स्वयमसेवक शिक्षक परिचालन कार्यविधि २०८१ बमोजिम सम्वन्धित विद्यालयको खातामा चौमासिक रुपमा निर्वाह भत्ता निकासा उपलव्ध गराउने,

ख. प्रदेश स्वयमसेवक शिक्षक परिचालन कार्यविधि २०८१ बमोजिम बिदा तथा अन्य सुविधा उपलव्ध गराउने,

ग. प्रदेश स्वयमसेवक शिक्षक परिचालन कार्यविधि २०८१ बमोजिम आचारसंहिता पालना गराउने,

घ. स्वयंसेवक शिक्षकले सम्झौता बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने /गराउने।

**२. दोस्रो पक्षले गर्नुपर्ने शर्तहरुः**

क. विद्यालयमा नियमित रुपमा उपस्थित भई पठनपाठनमा सहभागी हुनुपर्ने,

ख. नियमित पठनपाठनको साथै अतिरिक्त क्रियाकलाप लगायत विद्यालयले सुम्पिएको जिम्मेवारी पूरा गर्नुपर्ने,

ग. प्रदेश स्वयमसेवक शिक्षक परिचालन कार्यविधि २०८१ बमोजिमको आचारसंहिता पालना गर्नुपर्ने,

घ. प्रदेश स्वयमसेवक शिक्षक परिचालन कार्यविधि २०८१ बमोजिमको सुविधा बाहेक अन्य कुनै प्रकारको सेवा सुविधा दावी गर्न पाइने छैन ।

| <u>पहिलो पक्षको तर्फबाट</u> | <u>दोस्रो पक्षको तर्फबाट</u> |
|---|---|
| नाम थरः | नाम थर |
| ठेगानाः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

<u>रोहवरः</u>

नाम थरः

ठेगानाः

दस्तखतः



नि.प्रदेश सचिव

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल
नि. प्रमुख सचिव

अनुसुची - ४

## मूल्याङ्कन फारम

| क.सं | मूल्याङ्कनका आधारहरु | अति उत्तम २.५ | उत्तम २.० | सामान्य १.५ | न्यून १.० |
|---|---|---|---|---|---|
| १ | विषयबस्तुको ज्ञान | | | | |
| २ | शिक्षण पेशाप्रतिको निष्ठा लगनशिलता र आचार संहिताको पालना | | | | |
| ३ | विद्यालयको शैक्षिक गुणस्तरप्रति देखाउने तदारुकता, उत्तरदायित्व बहन र जिम्मेवारी बोध | | | | |
| ४ | अध्ययन विधि र सिपको प्रयोग | | | | |
| ५ | विद्यालय समय, कक्षाकोठा समयको पालना, सदुपयोग तथा कक्षा व्यवस्थापन र सञ्चालन | | | | |
| ६ | अतिरिक्त क्रियाकलापप्रति सक्रियता एंव संलग्नता | | | | |
| ७ | शैक्षणिक सामाग्री संकलन निर्माण र प्रयोग | | | | |
| ८ | विद्यार्थीको प्रगतिको अद्यावधिक अभिलेख राख्ने र अभिभावकहरुलाई जानकारी गराउने | | | | |

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, नेपाल

नि.प्रदेश सचिव

अनुसुची -५

(दफा २ को उपदफा ४ संग सम्बन्धित)

नि. प्रमुख सचिव

<u>मन्त्रालय र गैरसरकारी संघ-संस्थाबीचको कार्यसम्पादन सम्झौताको ढाँचा</u>

**विषयः कार्यसम्पादन सम्झौता सम्बन्धमा ।**

उपरोक्त सम्वन्धमा प्रदेश स्वयंसेवक शिक्षक परिचालन कार्यविधि २०८१ का आधारमा छनोटभएका विद्यालयहरुमा यसै निर्देशिकाको दफा २ को उपदफा ४ अनुसार स्वयंसेवक शिक्षक परित्रालनमा सहयोग लिन सक्ने प्रावधान अनुसार कार्यसम्पादन गर्नका लागि शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम (पहिलो पक्ष) र सहयोग गर्ने सरकारी तथा गैरसरकारी संघसंस्था ................ (दोस्रो पक्ष) बीच तपसील बमोजिम कार्यसम्पादन सम्झौता गरी १-१ प्रति दियौं लियौं ।

तपसीलः

(१) सरकारी तथा गैरसरकारी संघसंस्थाले सहयोग गर्न चाहेको विद्यालयहरुको विवरणः

(क) जिल्ला............. निर्वाचन क्षेत्र नं...................विद्यालयको नाम..........

(ख) जिल्ला............. निर्वाचन क्षेत्र नं...................विद्यालयको नाम..........

(२) सहयोग गर्न चाहेको जम्मा शिक्षक संख्याः

(३) सरकारी तथा गैरसरकारी संघ-संस्थाले प्रदेश स्वयंसेवक शिक्षक परिचालन कार्यविधि, २०८१ को आधारमा कार्यसम्पादन गर्नुपर्ने ।

(४) मन्त्रालयको निर्देशन तथा मन्त्रालयसँग समन्वय गरी कार्यसम्पादन गर्नुपर्ने ।

| **पहिलो पक्षः** | **दोस्रो पक्षः** |
|---|---|
| हस्ताक्षरः<br>नामथरः<br>पदः<br>मन्त्रालयको नामः शिक्षा तथा संस्कृति मन्त्रालय मधेश प्रदेश, जनकपुरधाम<br>सम्पर्क नः<br>मितिः<br>Email ID :<br>छापः | हस्ताक्षरः<br>नामथरः<br>पदः<br>सरकारी तथा गैरसरकारी संघसंस्थाको नामः<br>सम्पर्क नः<br>मितिः<br>Email ID :<br>छापः |



नि.प्रदेश सचिव